

# ३ प्रतिज्ञा गरिएको पुत्र

*यस अध्यायका मूल पदहरू:* **यशैया २:२,३, हिब्रू १:१-४, प्रस्थान २४:१६,१७, यशैया ४४:२४, हिब्रू १:१०, लूका १:३१,३२ र हिब्रू १:५।**

*यस अध्यायको मूल सार पद:* "प्राचीन कालमा वा पौराणिक समयमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो। तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ। पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो" (हिब्रू १:१-२)।

आदम र हव्वाले पाप गरेपछि परमेश्वरले तिनीहरूलाई "सन्तान" वा पुत्रको प्रतिज्ञा दिनुभयो। त्यस पुत्रले तिनीहरूलाई सैतानको हातबाट उद्धार गरिनेछ, गुमाएको सम्पत्ति वा परमेश्वरसँग रहने राज्यको हकदार तिनीहरूले पुनः प्राप्त गर्नेछ र जुन लक्ष्यको निम्ति तिनीहरू सृष्टि गरिएको थियो त्यो तिनीहरूले त्यो लक्ष्य उहाँले पूरा गरिदिनुहुनेछ (उत्पत्ति ३:१५)। दुवै आदम र हव्वाको स्थानलाई ओगोटेर यस पुत्रले तिनीहरूको प्रतिनिधित्व गर्नुहुनेछ र तिनीहरूलाई उद्धार गर्नुहुन्छ वा मुक्ति दिनुहुनेछ र अन्तमा आएर त्यस दियाबलस सर्प वा सैतानलाई सदाको निम्ति नाश गर्नुहुनेछ।

"जब आदम र हव्वाले परमेश्वरको प्रतिज्ञा पहिले सुने, तब त्यसको पूरा तत्कालै हुनेछ भनेर तिनीहरूले अपेक्षा गरेका थिए। जब पहिलो पुत्र जन्म्यो, तब तिनीहरूले बढो आनन्दसाथ उसको स्वागत गरिएको थियो। तिनीहरूले सोचेका थिए वा आशा गरेका थिए, तिनीहरूको पहिलो छोरो तिनीहरूको मुक्तिदाता हुन्। तर त्यो प्रतिज्ञा पूरा गर्न बिलम्ब भएको थियो।"- एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ३१बाट रूपान्तरित। त्यही प्रतिज्ञा

पछि अब्राहमलाई सुनाइएको थियो। परमेश्वरले उनीसँग शपथ खानुभएको थियो कि उनकै कोखबाट "सन्तान" हुनेछ र उनको कोखबाट जन्मिने पुत्रद्वारा पृथ्वीका सारा राष्ट्रहरूले आशिष पाउनेछन् (उत्पत्ति २२:१६-१८, गलाती ३:१६)। त्यही प्रतिज्ञा दाउदलाई पनि परमेश्वरले सुनाउनुभएको थियो। उनको सन्तानलाई आफ्नै छोरो बनाएर स्थापना गर्नुहुनेछ भनेर उहाँले दाउदलाई प्रतिज्ञा गर्नुभएको थियो। उक्त पुत्रले धार्मिक राज्य स्थापना गरेर सारा संसारका राजाहरूका राजा हुनेछन् भनेर उहाँले दाउदलाई प्रतिज्ञा गर्नुभएको थियो (२ शमूएल ७:१२-१४, भजन ८९:२७-२९)। न त आदम र हव्वाले, न त अब्राहम न त दाउदले कहिल्यै पनि सोचेनन् कि तिनीहरूको मुक्तिदाता पुत्र परमेश्वर आफै हुनुहुनेछ।

## १. यी आखिरी दिनहरूमा

आफू यस संसारको "अन्तिम वा आखिरी दिनहरूमा" बाँचिरहेको थियो भन्ने विश्वास पावलले हिब्रूको पुस्तकको सुरुमै प्रकट गरेका थिए। जब भविष्यको बारेमा बाइबलले उल्लेख गर्दछ, तब त्यसको अर्थ दुईवटा हुन्छ। "अन्तिम दिनहरू" वा "पछिल्ला दिनहरू" भनेर जब अगमवक्ताहरूले व्यक्त गर्दछन् तब प्रायजसो भविष्यमा हुने कुराको चर्चा गरेको हुन्छ (व्यवस्था ४:३०,३१, यर्मिया २३:२०)। अगमवक्ता दानिएलले त्यही आखिरी दिनहरूलाई दोस्रो तरिकाले व्यक्त गर्दछन् "समयको अन्तमा" अर्थात् विशेष गरेर विश्वको इतिहासको अन्तिम दिनहरू भनेर उनले लक्षित गर्दछन् (दानिएल ८:१७, दानिएल १२:४)।

**"अन्तिम दिनहरूमा" परमेश्वरले आफ्ना जनहरूलाई के गर्नुहुनेछ भन्ने प्रतिज्ञा देहायका पदहरूमा कसरी दिनुभएको छ, सो पढ्नुहोस्। गन्ती २४:१४-१९ "१४ अब म आफ्ना मानिसहरूकहाँ जान्छु, तर इस्राएलीहरूले तपाईंका मानिसहरूलाई पछि के गर्नेछन्, त्यो म तपाईंलाई बताउँछु।" १५ तब तिनले यसरी आफ्नो ईश्वरवाणी दिए: "बओरको छोरो बालाम भन्छ, जुन मानिसको आँखा खुला छ, त्यसको वाणी। १६ परमेश्वरका वचन सुन्नेले यसो भन्छ, जसले सर्वोच्चको ज्ञान जान्नेको, जसले सर्वशक्तिमान्बाट दर्शन पाउँछ, जसले साष्टाङ्ग दण्डवत् गर्दछ, र जसका आँखा खोलिएका छन्। १७ "म उहाँलाई देख्छु, तर अहिले त होइन। म उहाँलाई हेर्छु, तर नजिकै त होइन। याकूबबाट एउटा तारा उदय हुनेछ, र इस्राएलबाट एउटा राजदण्ड उठ्नेछ।**

**उहाँले मोआबका टाउको किच्च्याउनुहुनेछ, अनि शेथका सन्तानलाई ध्वंस पार्नुहुनेछ।**

**१८ एदोम पराजित हुनेछ, र त्यसको शत्रु सेइर पनि पराजित हुनेछ, तर इस्राएलचाहिँ बलियो हुनेछ। १९ याकूबबाट एउटा शासक उत्पन्न हुनेछन्, र सहरका बाँचेकाहरूलाई नाश गर्नेछन्।" र यशैया २:२,३ "२ पछिल्ला दिनमा परमप्रभुको मन्दिर बसालिएको पर्वत सबै पर्वतहरूभन्दा मुख्य रूपमा स्थापना हुनेछ। डाँड़ाहरूभन्दा माथि त्यो उच्च उठाइनेछ, र सबै जातिहरू त्यहीं ओइरिएर आउनेछन्। ३ धेरै मानिसहरूले आएर भन्नेछन्, "आओ, हामी परमप्रभुको पर्वत, याकूबका परमेश्वरको भवनमा जाऔं। उहाँले हामीलाई आफ्नो मार्ग सिकाउनुहुनेछ, ताकि हामी उहाँको बाटोमा हिँड्न सकौं।" व्यवस्था सियोनबाट र परमप्रभुको वचन यरूशलेमबाट निस्कनेछन्।"**

"पछिल्ला दिनहरूमा" परमेश्वरले एक राजाको उदय गराउनुहुनेछ, जसले उहाँका जनहरूका शत्रुहरूलाई नाश गर्नुहुनेछ भनेर पुरानो करारका धेरै अगमवक्ताहरूले घोषणा गरेका थिए (गन्ती २३:१४-१९) उक्त राजाले संसारका राष्ट्रहरूलाई इस्राएलतर्फ आकर्षित गर्नेछन् भनेर पनि तिनीहरूले ठोकुवा गरेका थिए (यशैया २:२,३)। ती प्रतिज्ञाहरू येशूमा पूरा भएका थिए भनेर पावलले जिकिर गर्दछन्। उहाँले सैतानलाई परास्त गर्नुभयो र सुसमाचारको घोषणाद्वारा संसारका सबै राष्ट्रहरूलाई आफूतिर खिँचिरहनुभएको छ(कलस्सी २:१५, यूहन्ना १२:३२)। यस परिप्रेक्ष्यमा "अन्तिम दिनहरू" सुरु भएको छ किनभने येशूले परमेश्वरका प्रतिज्ञाहरू पूरा गर्नुभएको थियो।

हाम्रा आत्मिक पूर्खाहरू परमप्रभु सृष्टिकर्ता परमेश्वरलाई नै विश्वास गरेर देहान्त भएका थिए। तिनीहरूलाई दिएका प्रतिज्ञाहरूलाई तिनीहरूले टाढैबाट अभिवादन गरे र देखेका थिए तर तिनीहरूले पाएका थिएनन्। तर हामीले ती प्रतिज्ञाहरू येशूमा पूरा भएको हेर्ने सौभाग्य पाएका छौं।

परमेश्वर पिताले उहाँका सन्तानहरूलाई पुनरुत्थान गर्नुहुनेछ र येशूको बारेमा उहाँले गर्नुभएको प्रतिज्ञाहरूलाई एक छिन सोचौं (१ थेस्सोलिनिकी ४:१५,१६)। जब येशूको पुनरुत्थान भयो तब परमेश्वरले आफ्ना जनहरूको पुनरुत्थानको उद्घाटन गर्नुभएको भन्ने खबर हाम्रो लागि शुभसन्देश हो (१ कोरन्थी १५:२०, मत्ती २७:५१-५३)। पिताले यस संसारलाई नयाँ सृष्टि गरेर पुनः स्थापना गर्नुहुनेछ भनेर प्रतिज्ञा गर्नुभएको छ (यशैया ६५:१७)। हामीमा नयाँ आत्मिक जीवन सृष्टि गर्नुभएर (२ कोरन्थी

५:१७, गलाती ६:१५) उहाँले त्यो प्रतिज्ञा पूरा गर्न थाल्नुभएको थियो। उहाँले आफ्नो आखिरी राज्य स्थापना गर्नुहुनेछ भनेर उहाँले प्रतिज्ञा गर्नुभएको थियो (दानिएल २:४४)। हामीलाई सैतानको शक्तिबाट छिनालेर उद्धार गर्नुहुँदै उहाँ हाम्रो प्रभु वा शासक हुनुभएर त्यस राज्यको उद्‌घाटन उहाँले गर्नुभएको थियो (मत्ती १२:२८-३०, लूका १०:१८-२०)। यो त केवल सुरुमात्र हो। परमेश्वरले येशूको पहिलो आगमनमा जे सुरु गर्नुभएको थियो उहाँको दोस्रो आगमनमा उहाँका सबै प्रतिज्ञाहरू पूरा गर्नुहुनेछ।

**बिगतको समयमा परमेश्वरले पूरा गर्नुभएका प्रतिज्ञाहरूलाई सोच्नुहोस्। तिनीहरूलाई सोच्दा अझै पूरा नभएका प्रतिज्ञाहरू उहाँले पूरा गर्नुहुनेछ भन्ने कुरामा हामी कसरी ढुक्क हुने?**

## २. परमेश्वरले आफ्नो पुत्रद्वारा बोल्नुभयो

**हिब्रू १:१-४मा के मूख्य विषयबस्तु छ जुन लेखकले हाम्रो दिमागमा गाडियोस् भन्ने चाहना गर्दछन? हेर्नुहोस्, "१ प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो। २ तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ। पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो। ३ उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्भाल्नुहुन्छ। पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ विराजमान हुनुभयो। ४ जसरी उहाँले प्राप्त गर्नुभएको नाउँ स्वर्गदूतहरूका भन्दा उत्तम छ, त्यसरी नै उहाँ तिनीहरूभन्दा अझ उच्च ठहरिनुभएको छ।"**

हिब्रूको पुस्तक ग्रिक भाषामा लेखिएको हो। सुरूको ग्रिक भाषामा लेखिएको हिब्रू १:१-४ केवल एउटामात्र सरर पढ्ने वाक्य छ (बुझाउनको निम्ति अनुवादमा विभिन्न वाक्यमा उतारिएको छ-अनुवादक)। वक्तृत्वकलामा, भाषाको शैलीमा र अलङ्कारिक वा मिठो रचनामा वा मिठासपनामा, यो पद नयाँ करारमा सबभन्दा सुन्दर र उत्कृष्ट वाक्य हो भनेर बाइबलका विद्वानहरूले तर्क गर्दछन्। यसको मूख्य दावी यो हो कि सनातन,सृष्टिकर्ता परमेश्वरले हामीसँग उहाँको पुत्र येशूद्वारा बोल्नुभएको छ। प्रथम शताब्दीका यहूदीहरूले परमेश्वरको वचन नसुनेको धेरै वर्ष भएको थियो। परमेश्वरको वचन

तिनीहरूले सुनेको करिब चार सय वर्ष अघि थियो। अगमवक्ता मलाकी, एज्रा र नेहमियाद्वारा परमेश्वरले अन्तिम वचन यहूदीहरूको निम्ति बोल्नुभएको थियो जुन लिखितरूपमा छ। तर अहिले येशूद्वारा प्रकट गरिएको परमेश्वरको वचन कुनै पनि अगमवक्ताहरूद्वारा बोल्नुभएको भन्दा पनि उच्च थियो किनकि परमेश्वरले प्रयोग गर्नुभएको आफ्नो बोलिलाई मानिसहरू समक्ष राख्न येशू सबैभन्दा उत्कृष्ट माध्यम हुनुभएको छ। येशू त परमेश्वर आफै हुनुहुन्छ जसले सारा स्वर्गहरू र पृथ्वीलाई सृष्टि गर्नुभयो साथै सारा जगतको शासक उहाँ नै हुनुहुन्छ। येशूको परमेश्वररीय स्वभाव पावलको निम्ति कहिल्यै पनि प्रश्न भएको थिए। उहाँ अतुलनीय परमेश्वर आफै हुनुहुन्छ भन्ने कुरामा पावल अडिग थिए। येशू परमेश्वर हुनुहुन्छ त्यसमा वादविवाद गर्नु अनावश्यक छ भन्ने पावलको जिकिर थियो। हो, परमेश्वरको चाहनाको आत्मज्ञान र बुद्धि उहाँले पुरानो करारबाट प्रस्तुत गर्नुभएको थियो। तर, उहाँको पुत्र यस संसारमा आउनुभएपछिमात्र उहाँले व्यक्त गर्नुभएको वचनको अर्थलाई पूर्णरूपमा र स्पष्टसँग बुझ्न वा बुझाउन सम्भव भएको थियो। पुरानो करारको उचाइ, चौडाइ र फराकिलो अर्थ बुझ्ने सत्य साँचो केवल येशूबाटमात्र परमेश्वर पिताले उपलब्ध थियो भनेर लेखको दिमागमा नाचिरहेको थियो। मानौं एउटा ठूलो चित्र ससाना टुक्रा टुक्रा गरेर बाकसमा राखिएको छ। त्यो बाकसमा भएका ती टुक्रिएका चित्रहरू पुरानो करार हो। ती टुक्राहरू जोडेर चित्र मिलाउन धैर्यताको बढो आवश्यकता छ। जसले पायो त्यसले त्यो बाकसमा भएको टुक्राहरू हेर्दा केवल टुक्राहरूमात्र देख्दछ। त्यसरी नै येशू यस संसारमा आउनुभएर पुरानो करारमा उल्लेख गरिएका परमेश्वरका विभिन्न टुक्राहरूको चित्रलाई मिलाउनुभएर मानौं सबैको सामु एउटा पूर्ण चित्र प्रस्तुत गर्नुभएको थियो। पुरानो करारमा लुकिएको प्रकाश वा आत्मज्ञानको ज्योति उहाँले उघारिदिनुभएको थियो।

त्यतिमात्रै नभएर येशू हाम्रो प्रतिनिधि र हाम्रो मुक्तिदाता भएर पनि आउनुभएको थियो। हामी लड्नुपर्ने ठाउँमा उहाँ उभिनुभएर सैतान वा सर्पसँग युद्ध गर्नुहुन्छ र उहाँले नै उसलाई पराजित गर्नुहुन्छ। फेरि, येशू विश्वासीहरूको निम्ति "अग्रज", "क्याप्टेन वा सेनापति" र "अगुवा" पनि हुनुहुन्छ (हिब्रू २:१०, ६:२०)। हाम्रो निम्ति उहाँ लड्नुहुन्छ र उहाँ हाम्रो प्रतिनिधि भएर उभिनुहुन्छ। त्यसको अर्थ हाम्रो प्रतिनिधि येशूलाई परमेश्वरले जे गर्नुभयो त्यही हामीलाई पनि गर्न चाहनुहुन्छ भन्ने परमेश्वर पिताको चाहना

हो। परमेश्वरले येशूलाई उचाल्नुभएर उहाँको दाहिने हातमा राख्नुभएको छ र हामीलाई पनि उचालेर येशूको सिंहासनसँग बसालिएको उहाँ चाहनुहुन्छ (प्रकाश ३:२१)। परमेश्वरको सन्देश येशू ख्रीष्टमा हामी सबैलाई यो छ कि येशूले जे बोल्नुभएको थियो त्यसमा हामी समाबेश भएकोमात्र होइन तर हाम्रो अस्थायी वा भौतिक र अनन्तको फाइदाको निम्ति येशूद्वारा र उहाँको निम्ति पिताले सबै थोक गर्न उत्सुक वा इच्छुक हुनुहुन्छ।

**परमेश्वर-येशू-यस संसारमा आउनुभएको थियो भन्ने अपार ज्ञानलाई तपाईंले सोच्नुहोस्। यस आत्मज्ञानको सत्यले हामीलाई कतिको आशा दिलाउन सक्नुपर्दछ?**

## ३. परमेश्वरको महिमालाई चम्किलोरूपमा प्रतिविम्ब गर्ने येशू

**येशूको बारेमा अझ गहिरो गरेर हामीलाई के सिकाउँछ भनेर हिब्रू १:२-४ फेरि ध्यान गरेर पढ्नुहोस्, "१ प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो। २ तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ। पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो। ३ उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्भाल्नुहुन्छ। पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ विराजमान हुनुभयो। ४ जसरी उहाँले प्राप्त गर्नुभएको नाउँ स्वर्गदूतहरूका भन्दा उत्तम छ, त्यसरी नै उहाँ तिनीहरूभन्दा अझ उच्च ठहरिनुभएको छ।"**

यस अंशमा हामीले हिब्रू १:३लाई हेर्नेछौं जसमा लेखिएको छ, "उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप वा चमक हुनुहुन्छ" (रूपान्तरित)।

**परमेश्वरको महिमा भनेको के हो भनेर देहायका पदहरूमा हेर्नहोस्। यी पदहरूले उहाँको महिमाको बारेमा हामीलाई बुझाउन कसरी प्रयास गर्दछ? हेर्नुहोस्, प्रस्थान २४:१६,१७ "१५ तब मोशा पर्वतमा उक्ले र बादलले पर्वतलाई ढाकिराख्यो। १६ परमप्रभुको महिमा सीनै पर्वतमा रह्यो, र बादलले छ दिनसम्म पर्वतलाई ढाकिराख्यो। सातौं दिनमा परमप्रभुले बादलको बीचबाट मोशालाई बोलाउनुभयो। १७ इस्राएलीहरूका दृष्टिमा परमप्रभुका महिमाको**

**रूप पर्वतको टाकुरामा भस्म पार्ने आगोजस्तै थियो।", भजन ४:६ "धेरैले सोध्दैछन्, "हामीलाई कसले केही असल कुरा देखाउन सक्छ?" हे परमप्रभु, तपाईंका मुहारको ज्योति हामीमाथि प्रकाशित गर्नुहोस्!", भजन ३६:९ "किनकि जीवनको स्रोत तपाईंसँग छ, तपाईंकै ज्योतिमा हामी प्रकाश देख्छौं।" र भजन ८९:१५ "ती मानिसहरू धन्य हुन्, जसले तपाईंको प्रशंसा गर्न सिकेका छन्, जुनहरू, हे परमप्रभु, तपाईंका प्रकाशको उपस्थितिमा हिँड्छन्।"**

आफ्ना जनहरूको सामु परमेश्वरको प्रत्यक्ष्य उपस्थितिलाई **परमेश्वरको महिमा** भनेर पुरानो करारमा उल्लेख गरिएको छ (प्रस्थान १६:७, प्रस्थान २४:१६,१७, लेबी ९:२, गन्ती १४:१० आदि)। उहाँको उपस्थितिलाई जनाउन प्रायजसो ज्योति वा चमकसँग तुलना गरिन्छ।

येशू ज्योति हुनुहुन्छ र परमेश्वरको महिमालाई प्रकट गर्न उहाँ आउनुभएको थियो भनेर बाइबलले हामीलाई बताउँदछ (हिब्रू १:३, यूहन्ना १:६-९,१४-१८, २ कोरन्थी ४:६)। "तिनीहरूका सामुन्ने उहाँको रूप परिवर्तन भयो। उहाँको चेहरा सूर्यझैं चम्क्यो, ३ र उहाँका वस्त्र प्रकाशझैं सेता भए" ( मत्ती १७:२)।

सूर्यको ज्योतिको चमकबाट बाहेक यसलाई महसुस गर्न सकिन्दैन, त्यसरी नै येशूद्वारामात्रै परमेश्वरलाई हामी चिन्न सक्छौं। हाम्रो धारणामा दुवै परमेश्वर र येशू एक हुनुहुन्छ। परमेश्वरको महिमा ज्योति आफै भएकोले परमेश्वर र येशूको चरित्रको बीचमा केही फरक छैन, जसरी ज्योति र चमकको बीचमा भिन्नता हुँदैन। परमेश्वर को हुनुहुन्छ र उहाँको वास्तविक प्रतिरूप कस्तो छ भनेर येशूले देखाउभएको छ भनेर हिब्रूले बताउँदछ (हिब्रू १:३)। यस तुलनाले यो देखाउँछ कि परमेश्वर र पुत्र वास्तविकरूपमा एकै हुन्। दुवै जनाको सिद्धता एक आपसको मिलनता हो। यो महत्त्वपूर्ण विषय पनि सोच्नुहोस्, प्रत्येक मानव जातिले परमेश्वरको स्वरूप बोकेका हुन्छन् (उत्पत्ति १:२६, ९:६)। तर त्यही तत्व जुन परमेश्वरसँग छ त्यो परमेश्वर पुत्रमा पनि छ। त्यसैकारण येशूले भन्नुभएको कुरामा हामी अचम्म मान्नुपर्दैन, "जसले मलाई देखेको छ उसले पितालाई पनि देखेको हुन्छ" (यूहन्ना १४:९)।

**प्रभु येशूले परमेश्वरको महिमा र चरित्रलाई प्रकट गर्नुहुन्छ भन्ने महान् खबर हाम्रो निम्ति किन महत्त्वपूर्ण छ? सनातन परमेश्वर पिता कस्तो हुनुहुन्छ भनेर येशूले हामीलाई कसरी बताउनुहुन्छ?**

## ४. जसद्वारा सारा जगत सृष्टि गरियो

परमेश्वरले येशूद्वारा र येशूले संसार सृष्टि गर्नुभएको थियो भनेर हिब्रूको पुस्तकले जिकिर गर्दछ साथै येशूकै शक्तिशाली वचनले यस संसारलाई थामी राख्नुभएको छ भनेर पनि अडान लिन्छ।

**पुरानो करारका देहायका पदहरूले परमेश्वर "एक्लैले" यस संसारलाई सृष्टि गर्नुभएको थियो र उहाँमात्र परमेश्वर हुनुहुन्छ भनेर अडान लिएका छन्। ती पदहरूसँग हिब्रू १:२,३मा बताइएको येशूद्वारा जगत सृष्टि गर्नुभयो भन्ने अडानलाई कसरी मिलाउने? हेर्नुहोस्, यशैया ४४:२४ "परमप्रभु यसो भन्नुहुन्छ— तिम्रो उद्धारक, जसले तिमीलाई गर्भमा रच्नुभयोः म परमप्रभु हुँ, जसले सारा थोकलाई बनायो, जसले एकलै आकाशलाई फैलायो, जसले आफै पृथ्वीलाई फिँजायो।", यशैया ४५:१८ "परमप्रभु यसो भन्नुहुन्छ— उहाँ, जसले आकाश सृष्टि गर्नुभयो, उहाँ नै परमेश्वर हुनुहुन्छ, जसले पृथ्वीको रूप रच्नुभयो र बनाउनुभयो, र त्यो बसाल्नुभयो, उहाँले त्यो खाली हुनलाई सृष्टि गर्नुभएन तर उहाँले त्यो आबाद गर्नलाई बनाउनुभयो— उहाँ भन्नुहुन्छः "म परमप्रभु हुँ, मबाहेक अरू कोही छैन।" र नहेम्याह ९:६ "तपाईं मात्र परमप्रभु हुनुहुन्छ। तपाईंले नै स्वर्ग, सर्वोच्च आकाश, र त्यसका सबै तारामण्डल, पृथ्वी र त्यसमा भएका सबै थोक, र समुद्रहरू र तिनमा भएका सबै थोकहरू बनाउनुभयो। तपाईंले नै तिनीहरू सबैलाई जीवन दिनुहुन्छ, र स्वर्गका सारा समुदायले तपाईंलाई पुज्दछन्।"**

परमेश्वरले यस संसारलाई सृष्टि गर्न येशूलाई केवल औजारको रूपमा प्रयोग गर्नुभएको थियो भनेर कतिले तर्क गर्दछन्। यो तर्कलाई मान्न असम्भव छ। प्रथमतः, पावलको निम्ति येशू प्रभु हुनुहुन्छ र यस संसारलाई उहाँले नै सृष्टि गर्नुभयो; त्यसकारण येशू परमेश्वरको सहयोगी होइन। येशू प्रभु हुनुहुन्छ र उहाँले पृथ्वी र आकाश वा स्वर्गहरू सृष्टि गर्नुभयो भनेर हिब्रू १:१०ले बताउँछ। उनले भजन १०२:२५-२७लाई येशूको कामलाई प्रयोग गरेर प्रभु (यहृवे) सृष्टिकर्ता हुनुहुन्छ भनेर पावलले आफ्नो अडान लिन्छन्। ती पदहरूमा यसरी लेखिएको छः "२५ आदिकालमा तपाईंले पृथ्वीको जग बसाल्नुभयो, र

स्वर्ग वा आकाश तपाईंकै बाहुलीको कृति हो। २६ तिनीहरू नष्ट हुनेछन्, तर तपाईं रहिरहनुहुन्छ, तिनीहरू सबै वस्त्रझैं थोत्रा भइजानेछन्। लुगा फेरेझैं तपाईंले तिनीहरूलाई फेर्नुहुनेछ, र ती फालिनेछन्! २७ तर तपाईं त एकैनासका हुनुहुन्छ, र तपाईंका वर्षहरूको अन्त्य नै हुँदैन।"

दोस्रोमा, परमेश्वरबाट र परमेश्वरले यस जगत सृष्टि गरिएको थियो भनेर हिब्रू २:१०मा उल्लेख गरिएको छ। यही व्यक्तहरू ठ्याक्कै हिब्रू १:२मा येशूलाई प्रयोग गरिएका छन्। पिताले सृष्टि गर्नुभयो र येशूले सृष्टि गर्नुभयो (हिब्रू १:२,१०, हिब्रू २:१०)। पिता र पुत्रको बीचमा जुनसुकै काम र लक्ष्यमा सिद्ध मेलमिलाप छ। उहाँहरू एकआपसमा सहमत भएर नै काम गर्नुहुन्छ। त्रीएक परमेश्वरको रहस्यको यो एक भाग हो। येशूले सृष्टि गर्नुभयो र परमेश्वरले सृष्टि गर्नुभयो तर एकमात्र सृष्टिकर्ता हुनुहुन्छ। परमेश्वर भन्दा येशू पनि परमेश्वर भनेर सम्बोधन गरिएको छ।

फेरि त्यसै बखत हिब्रू ४:१३ले येशू न्यायकर्ता हुनुहुन्छ भनेर देखाइएको छ। उहाँले शासन गर्ने र न्याय गर्ने अधिकार परमेश्वरबाट नै आएको हो जसले सबै थोक सृष्टि गर्नुभयो र सम्हाली राख्नुभएको छ (यशैया ४४:२४-२८)। येशूले नै यस जगतलाई सम्हालीरहनुभएको छ भनेर हिब्रू १:३ र कलस्सी १:१७मा जिकिर गरिएको छ। सम्हाल्नुको अर्थ अगुवाइ गर्नु र शासन गर्नु हुनसक्छ। ग्रिक भाषाको शब्द pheron (फेरन)ले डुङ्गालाई हावाले चलाउने (प्रेरित २७:१५,१७) वा परमेश्वरले अगमवक्ताहरूलाई डोऱ्याउने (२ पत्रुस १:२१) भन्ने जनाउनलाई प्रयोग गर्दछ। त्यसको वास्तविक अर्थ हो, येशूले हामीलाई सृष्टिमात्र गर्नुभएन तर उहाँले हामीलाई सम्हाल्नुहुन्छ भन्ने जनाउँछ। प्रत्येक सास हामी फेर्छौं, मुटुको प्रत्येक धड्कन र हाम्रो जीवनको प्रत्येक क्षण उहाँबाट परिचालित हुन्छ। सृष्टि गरिएको सबै अस्तित्वको जग येशू हुनुहुन्छ।

**येशू र उहाँको शक्तिको बारेमा प्रेरित १७:२८मा कसरी उल्लेख गरिएको छ? त्यही येशू क्रुसमा हाम्रो पापहरूको निम्ति मर्नुभयो भन्ने धारणा पनि सोच्नुहोस्। येशूको स्वार्थत्यागको  चरित्र वा स्वभावको सत्यले हामीलाई के सिकाउँछ? हेर्नुहोस्, हाम्रो जीवनमा येशूको भूमिका "किनभने "हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं र उहाँमा हाम्रो अस्तित्व छ।" तपाईंहरूका आफ्नै कविहरूले पनि भनेका छन्, 'हामी निश्चय उहाँकै सन्तान हौं।**

## ५. आज मैले तिमीलाई पाएँ

पिताले येशूलाई भन्नुभएको कुरालाई हिब्रू १:५मा यसरी उल्लेख गरिएको छः "तिमी मेरा पुत्र हौ, आज तिमीलाई मैले पाएँ" (रूपान्तरित)। येशू "पाउनुभएको भएको वा उत्पन्न गराएको"को अर्थ के हो र त्यो कहिले भयो? के कतिपय मानिसहरूले विश्वास गरेको अनुसार येशूलाई परमेश्वरले केहीसमय पहिले सृष्टि गर्नुभएको थियो भनेर देखाउँदैन र(अझ इसाईहरूले क्रिष्टमस मनाएर सारा जनमानसको बीचमा येशूको अस्तित्व केवल दुई हजार वर्षमात्र भएको भनेर आभास् दिएको पाइन्छ-अनुवादक)।

**देहायका पदहरूमा दाउदलाई दिएको प्रतिज्ञालाई हिब्रूको पुस्तकमा पावलले कसरी प्रयोग गर्दछन्? हेर्नुहोस्, हिब्रू १:५ "तिमी मेरा पुत्र हौ, मैले नै आज तिमीलाई जन्माएको छु" भनी के कुनै स्वर्गदूतलाई परमेश्वरले कहिल्यै भन्नुभयो? र फेरि, "म तिनका पिता हुनेछु, र तिनी मेरा पुत्र हुनेछन्" भनी कुनै स्वर्गदूतलाई कहिल्यै भन्नुभयो?", २ शमूएल ७:१२-१४ "१२ जब तिम्रो दिन पूरा हुनेछ, र तिमी आफ्ना पित्रहरूसँग विश्राम गर्नेछौ, तब म तिम्रै सन्तानमध्येबाट, तिम्रै शरीरबाट एक जना, तिम्रो उत्तराधिकारी हुनलाई उठाउनेछु, र त्यसको राज्य स्थिर गराउनेछु। १३ त्यसले नै मेरो नाउँको निम्ति एउटा भवन बनाउनेछ, र म त्यसको राजकीय सिंहासन सधैंको निम्ति स्थिर गर्नेछु। १४ म त्यसका पिता हुनेछु, र त्यो मेरो छोरो हुनेछ। त्यसले अधर्म गऱ्यो भने, मानिसको लट्ठीले म त्यसलाई सजाय दिनेछु, र मानिसहरूद्वारा त्यसलाई कोर्राबाजीको प्रहार गर्नेछु।" भजन २:७ "परमप्रभुको यो आदेश म घोषणा गर्नेछु, उहाँले मलाई भन्नुभयो, 'तिमी मेरा पुत्र हौ, आज मैले तिमीलाई जन्माएको छु।" र लूका १:३१ "३१ अब हेर, तिमीले गर्भधारण गर्नेछ्यौ, र एउटा छोरो जन्माउनेछ्यौ, र तिमीले उहाँको नाउँ येशू राख्नेछ्यौ। ३२ उहाँ महान् हुनुहुनेछ, र परमप्रधानका पुत्र कहलाइनुहुनेछ, र परमप्रभु परमेश्वरले उहाँलाई उहाँका पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ।"**

येशूलाई पाएको वा जन्माएको अर्थ परमेश्वरले उहाँलाई प्रतिज्ञा गरिएको शासक भनेर स्थापना वा ग्रहण गरिएको जनाउँछ। उहाँ दाउदको पुत्र अर्थात् दाउदको घरानामा जन्मिनु हुने शासक। पूर्विय र ग्रिक तथा रोमन संसारमा ईश्वरले कसैलाई स्वीकार्ने वा ग्रहण गर्ने धारणा प्रचलित छ। भूमिमा शासन गर्ने वैधानिक अधिकार र शक्ति ग्रहण गरिएको वा धर्म सन्तानलाई सुम्पिएको जनाउँछ। सारा राष्ट्रहरूको सत्य वैधानिक शासक राजा दाउदको

छोरा हुनेछ भनेर परमेश्वरले उनलाई प्रतिज्ञा गर्नुभएको थियो। दाउदको पुत्रलाई आफ्नै "पुत्र" भनेर ग्रहण गर्नुहुनेछ। यस प्रक्रियाद्वारा दाउदको सन्तानबाट आएको छोरोलाई आफ्नै छोरो र आफ्नो उत्तराधिकारी हुनेछ भन्ने बुझाउँछ। येशू दाउदको पुत्र वा सन्तान हुनुभएर परमेश्वरले दिनुभएको करारलाई पूरा गर्नुभएको थियो। परमेश्वरले उहाँका शत्रुहरूलाई परास्त्र गर्नुहुनेछ र राज्यहरू उहाँको सम्पत्ति हुनेछ र उहाँ परमेश्वरको उत्तराधिकारी हुनेछ (भजन ८९:२७, भजन २:७,८)।

येशूलाई सार्वजनिकरूपमै परमेश्वरको पुत्र हुनुभएको थियो भनेर रोमी १:३,४ र प्रेरित १३:२मा हामी पढ्छौं। येशूको बप्तिस्मा र रूप परिवर्तन गरिएको पहाड क्षणहरूमा येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनेर उहाँले चिनारी गर्नुभएको थियो (मत्ती १७:५)।

यद्यपि जब येशूको पुनरुत्थान भयो र परमेश्वरको दाहिने हातमा बस्नुभयो तब उहाँ "परमेश्वरको शक्तिसम्पन्न भएको पुत्र" हुनुभएको थियो भनेर नयाँ करारले बताउँदछ। उनको छोरोलाई परमेश्वरले आफ्नै छोरा गर्नुहुनेछ र उहाँ सारा राष्ट्रहरूमाथि राज गर्न उहाँको निम्ति सिंहासन स्थापना गर्नुहुनेछ भनेर उहाँले दाउदलाई प्रतिज्ञा गर्नुभएको थियो (२ शमूएल ७:१२-१४)।

यसरी सिजर वा जुनसुकै राजा वा सम्राट् भएतापनि वा तिनीहरू "ईश्वरको छोरो, अवतार वा भगवान" भनेर दावी गरेतापनि तिनीहरू कोही पनि राष्ट्र वा यस संसारका देशहरूका वैध वा कानुनीरूपमा शासक होइनन्। तर येशू ख्रीष्टचाहिँ थिए र हुनुहुन्छ। येशूको "सुरु" वा उहाँले आफूलाई आदि भनेर सम्बोधन गर्नुहुँदा उहाँले यस पृथ्वीका राज्यहरूको पुःन प्रभुत्वको सुरु हो, उहाँको अस्तित्वको सुरु होइन, किनभने उहाँको अस्तित्व सदाकालदेखि नै थियो। उहाँको अस्तित्व नभएको कुनै पनि समय थिएन किनभने उहाँ आफै परमेश्वर हुनुहुन्छ।

अझ हिब्रू ७:३मा स्पष्टरूपमा उहाँको अस्तित्वको बारेमा यसरी ठोकुवा गरेको छः "विनापिता, विनामाता, विनावंशावली, जीवनको आदि र अन्त्य नभएका, तर परमेश्वरका पुत्र स्वरूप, यिनी सदाकाल पूजाहारी भइरहन्छन्।" उहाँको न सुरु थियो न त अन्त। यही अवधारणालाई हिब्रू १३:८मा यसरी दोहोऱ्याइएको छः "येशू ख्रीष्ट हिजो, आज र सदासर्वदा एकसमान हुनुहुन्छ।" उहाँ सनातन परमेश्वर हुनुहुन्छ। त्यसकारण उहाँ

परमेश्वरको "एकमात्र पुत्र" भनेर कहलाउँदा उहाँको ईश्वरत्वलाई परिभाषित गर्न खोजेको होइन तर मुक्तिको योजनामा उहाँको भूमिकालाई प्रकट गर्दछ। परमेश्वरले आफ्ना जनहरूलाई दिनुभएका सबै करारका सबै प्रतिज्ञाहरूलाई ख्रीष्टको मानव अवतारीय जीवनले पूरा गर्नुभएको थियो।

## उपसंहारः

**थप जानकारीः** "यस पृथ्वीमा येशू परमेश्वरको पुत्र भएर आउनुहुँदा उहाँले त्यसैबखत धेरै कामहरू सम्पन्न गर्नुभएको थियो। प्रथमतः, उहाँ परमेश्वरको ईश्वरीय पुत्र हुनुभएको हैशियतले, हामीलाई परमेश्वर पिता कस्तो हुनुहुन्छ भनेर उहाँको चरित्र प्रकट गर्न आउनुभएको थियो। उहाँका क्रियाकलाप र वचनहरूले परमपिता परमेश्वर वास्तविकरूपमा कस्तो हुनुहुन्छ र उहाँमाथि हामी भरोसा किन राख्नुपर्छ र उहाँका आज्ञाहरू किन पालन गर्नुपर्छ भनेर हाम्रो सामु खुलस्त गर्नुभएको थियो।  दाउद, अब्राहम र आदमलाई प्रतिज्ञा गरिएको अनुसार उहाँ पुत्र भएर आउनुभएको थियो। उहाँद्वारा नै शत्रुलाई परास्त्र गरेर संसारलाई शासन गर्ने परमेश्वरको प्रतिज्ञालाई पूरा गर्न उहाँ आउनुभएको थियो। आदम जो सारा मानव जातको अग्रज, पूर्खा वा शिर थियो तर पापले गर्दा उनि चिप्लिन पुगेका थिए। उनको ठाउँ लिन येशू आउनुभएको थियो। परमेश्वरको आदमप्रतिको सुरुको चाहना वा लक्ष्य पूरा गर्न येशू आउनभएको थियो (उत्पत्ति १:२६-२८, भजन ८:-८)। यस संसारमा न्यायपूर्वक, उचित र  धार्मिकतापूर्वक राज्य चलियोस् भन्ने परमेश्वरको इच्छा पूरा गर्न येशू धार्मिक शासक भएर आउनुभएको थियो।

"जब येशूले यर्दन नदीमा बप्तिस्मा लिनुभएको समयमा भएको आकाशवाणी 'यी मेरा प्रियपुत्र हुन, यिनीदेखि म प्रशन्न छु' उहाँलाई मात्र होइन तर समस्त मानव प्राणीलाई पनि समेतिएको छ। हाम्रो प्रतिनिधित्व गर्नु हुनुभएर आउनुहुने येशूलाई परमेश्वरले सम्बोधन गर्नुभएको थियो। हामीमा जतिपनि पाप भएतापनि, हामी जतिसुकै दुष्ट, अधर्मी भएतापनि र हामीमा जतिसुकै कमीकमजोरीहरू भएतापनि हामी बेकारको, मूल्यहीन वा काम नलाग्ने मानिस भनेर परमेश्वरले पन्छाउनुहुन्न। एफिसी १:६-८मा भनिएको छ, '६ यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्। ७ उहाँको अपार अनुग्रहअनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं, ८ जुन अनुग्रह

उहाँले हामीलाई प्रशस्त मात्रामा दिनुभयो।" परमेश्वरको प्रेमको महिमा, यश, जस येशूमाथि हुने प्रतिवद्धता हुने जुन जाहेर गरिएको थियो त्यही हामीलाई पनि दिइएको छ।...येशूको शिरमाथि खुलारूपले जुन ज्योति परेको थियो त्यही ज्योति सैतानको जालोबाट उम्किन सहायता माग्दै यदि हामी प्रार्थना गर्‍यौं भने हामीमा पनि पर्दछ। जुन आवाज येशूलाई दिनुभएको थियो त्यही आवाज हामीलाई पनि यसरी दिइएको छ 'ति मीमेरो प्रिय बालक हौ, तिमीदेखि म प्रसन्न छु"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ११३बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. येशूका क्रियाकलापहरू र वचनहरूले सनातन परमेश्वर पितालाई अझ राम्रोसँग बुझ्न सक्ने हुन्छौं भनेर हामीले सिक्यौं। कुन् व्यवहारिक तरिकाहरू अपनाएर येशूलाई अझ राम्ररी बुझ्दै तपाईंको सम्बन्ध परमेश्वर पितासँग अझ मजबुत पार्न सक्नुहुन्छ?**

**आ. येशूलाई उहाँले जसरी बोल्नुभयो र व्यबहार गर्नुभयो त्यही बोलिवचन र व्यवहार परमेश्वरले हामीमाथि पनि गर्न चाहनुहुन्छ भनेर हामीले सिक्यौं। अरूहरूलाई हामीले कस्तो व्यवहार गर्ने भनेर त्यस नीतिबाट हामी कसरी सिक्ने?**

**इ. येशू सदाकाल परमेश्वर हुनुहुन्छ भन्ने उहाँको महत्वपूर्ण चरित्र वा स्वभावको बारेमा अझ ध्यान दिनुहोस्। तर येशू हामी जस्तै सृष्टि भएको सिद्ध भएर क्रुसमा जानुभएको थियो भन्ने अवधारणालाई हामीमा राखियो भने उहाँको ईश्वरत्वको महिमालाई कसरी झारिन जान्छ? ती दुई अवधारणाहरूको बीचमा के भिन्नता छ?**

**ई. परमेश्वरको महिमा गर्नु के हो सो सोच्नुहोस्। प्रकाश १४:६, ७मा दिइएको छ "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड्रिहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" परमेश्वरको महिमा गर्नु भनेको बर्तमान समयसापेक्षित सत्य र तीन स्वर्गदूतहरूका सन्देशहरूका भागहरू हुन् भनेर हामीले कसरी बुझ्ने?**

## कथा ३
## नयाँ बाटो पक्रनु
## आडोल्फो मन्टेरियो, ४०
## टिमोर-लेस्ट



टिमोर-लेस्टको कोडो गाउँको मेरो चर्च मलाई धेरै मन परेको थियो। प्रत्येक आइतबाट र चर्चमा जान्थैं र चर्चको सबै कार्यक्रममा म सरिक हुन्थैं। अनि एक दिन मेरो गाउँमा मारियो आउनुभयो। मेरो घरमा उनी आए र उनी पर गाउँबाट एडभेन्टिस्ट चर्चबाट बाइबल सिकाउन आउनुभएको र त्यस चर्चको बारेमा मलाई कहिल्यै थाहा भएको थिएन। उनले बाइबलबाट आइतबार होइन शनिबार नै सही साबथ दिन भनेर मलाई सिकाउन थाले। बाइबलबाट नै मैले आइतबार होइन शनिबार नै पक्का दिन भएको मैले प्रमाण पाएँ। म प्रार्थना गर्न थालैं र पहिलो दिन नै पवित्र दिन राख्ने हो कि सातौं दिनलाई पालन गरेर नयाँ बाटो जाने हो। "प्रभु, मलाई त पुरानै बाटो ठिक लागेको छ जस्तो छ," भनेर प्रार्थना गर्न थालैं। मैले तीन दिनसम्म प्रार्थना गरैं। एक रात सपनामा मेरो अगाडि दुई बाटो देखाइयोः नयाँ र पुरानो बाटो। कोही अगाडि उभेर मलाई भनिरहेको थियो, "पुरानो बाटो छोडेर अब नयाँ बाटोमा जाऊ।" बिहान उठ्दा त सपना वास्तविक भएको महसुस गरैं। भोलिपल्ट, मारियो छिमेकी साथी आन्जेलोको बगैंचामा काममा सघाउन आउन अनुरोध गरे। काम गर्दा गर्दै मारियोले आन्जेलोलाई बाइबल पनि सिकाउन थाले। उनको कुरा सुन्न हामीलाई साह्रै मन पर्यो। एक दिन उनीसँग बाइबल अध्ययन गर्न समय मागैं। केही महिनापछि म बप्तिस्मा लिएँ र मेरी श्रीमतीलाई पनि बाइबलको बारेमा सिकाएँ। उनले र मेरो गाउँको अरू दुई परिवार सहित बप्तिस्मा लिए।

एडभेन्टिस्ट चर्चमा सरिक भएपछि हाम्रो जीवन सजिलो थिए। धेरै वर्षपछि मेरी श्रीमतीको अर्कै चर्चको अगुवा दाजुले हामीलाई दुःख दिन थाल्यो र चर्च छोड्नमात्र कर गरेन मेरै सामुने उनले मेरी श्रीमतीलाई पिट्न थाले। "तिम्रो श्रीमानमात्र नयाँ धर्ममा जान पाइन्छ तर तिमी होइन," उनले माग गरे। तर मेरी श्रीमती आफ्नो प्रतिबद्धतामा अडिग भइरहिन्। "म विवाह गरेको छु।

मेरी श्रीमान यस घरको मूली हुनुहुन्छ। यदि म उनको पछि लाग्नुछ भने संसारको अन्तसम्मै उनको पछि लाग्नेछु," आफ्नो रिसाहा दाजुलाई उनले सुनाइन्।

हाम्रा आफन्तहरूको दवाव पछि पनि परमेश्वर हाम्रो निम्ति असलै भइरहनुभएको थियो। मेरी श्रीमती र मैले हाम्रा आफन्तहरूको निम्ति प्रार्थना गरें। केही वर्षपछि मेरी आमा र दुई जना मेरा भाइहरू एडभेन्टिस्ट चर्चमा सरिक भए। मसँग धेरै पैसा छैन। म सुरक्षा गार्डमा काम गर्दछु। तर, मेरो जोशले अरूहरूलाई प्रभुको बारेमा सुनाउँछु। प्रभुको सामु सबै मानिस अमोल भएकोले प्रत्येक मानिसलाई येशूको बारेमा सुनाउने मेरो कर्तब्य ठानेको छु। मैले भेट्ने सबैलाई येशूको प्रेमको बारेमा सुनाउँदछु र तिनीहरूले मुक्ति पाउन् भन्ने सुसमाचार म बताउँदछु।